# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## आँधिखोला गाउँपालिका

स्याङ्जा





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## आँधिखोला गाउँपालिका

### स्याङ्जा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## आँधिखोला गाउँपालिका

स्याङ्जा

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या: २०७९।८०
च.नं. ३५

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
आधिँखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
स्याङ्जा।

**कैफियत सहितको राय**

हामीले आधिँखोला गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ३ करोड २६ लाख ७४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु. १ करोड १३ लाख ४४ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २१ लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८० लाख २३ हजार, नियमित गर्नुपर्ने रु. २ लाख र पेश्की रू.९ लाख ७५ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु. ४ करोड ५ लाख ९६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड १९ लाख २६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २६ | ६४ | ३२६७४ | ० | ३१ | ११४१९ | २६ | ३३ | २१३३० | २१३२ | २०० | १८०२३ | ० | ० | १८२२३ | ९७५ |

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ४३ | यान्त्रीकरण अनुदानमा वढी भुक्तानी | २६५०० |
| २ | ५० | कम पारिश्रमिक कर कट्टी गरी भुक्तानी | ५४७६१ |
| ३ | ३०.२, ३०.३ | वढी भुक्तानी | ५३११० |
| ४ | ३५ | पेश्की जमानतको म्याद थप भएको | ६५००००० |
| ५ | २३ | संघिय संचितकोष दाखिला गर्नुपर्ने | ७१७५ |
| ६ | २२ | पारिश्रमिक कर कम कट्टी गरी भुक्तानी | ४४१३२ |
| ७ | ४० | सोझै खरिद | २७७४८७९ |
| ८ | ४६ | पेश्की फर्छ्यौट नभएको | १५९१२१६ |
| ९ | ४८ | अग्रिम कर कट्टी नगरेको | ९७५० |
| १० | १९ | कर कम कट्टी गरी भुक्तानी | ४७८०० |

| | | | |
|---|---|---|---|
| ११ | २१.१ | तलव वढी भुक्तानी | ४१९४५ |
| १२ | ५२ | विद्यालय सुधार योजना पेश नभएको | २०००० |
| १३ | ४७ | संघिय संचितकोष दाखिला नगरेको | ११२८०० |
| १४ | ५४ | संघिय संचितकोष दाखिला नगरेको | ६०००० |
| जम्मा | | | ११३४४०६८ |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्योट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| आधिँखोला गाउँपालिका | ४०५९६ | ० | ० | ४०५९६ | ० | २१३३० | ६१९२६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : आँधिखोला गाउँपालिका, स्यांजा, आँधिखोला गाउँपालिका, स्याङ्जा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | युवराज अधिकारी | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | आजाद पौडेल | २०७७-१०-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २,१३,३०,३०५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७,६२,९७,०४८ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,५४,४८,३०९ | **चालु खर्च** | २८,५१,३६,०९६ |
| **प्रदेश सरकारबाट अनुदान** | १,९५,४०,००० | **पूँजीगत खर्च** | १८,२८,७८,२८३ |
| **राजश्व बाँडफाँट** | ४,९०,९९,३९४ | **वित्तीय/अन्य व्यवस्था** | १२,२०,७९,६८६ |
| **आन्तरिक आय** | ८८,८०,६६० | | |
| **अन्य आय** | १२,३२,७८,६९७ | | |
| **कुल आय** | ५७,६२,४७,०६० | **कुल खर्च** | ५९,००,९४,०६५ |
| **बाँकी मौज्दात** | | ६,२४,५०,०४३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस आँधिखोला गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत६ वडा, सभा सदस्य ३४ जना, ६९.६१वर्ग किलोमिटर क्षेत्रफल तथा १४ हजार ९७० जनसंख्या रहेको छ। | |
| २ | | | लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धित प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। | |
| ३ | | | **स्थानीय संचित कोष**<br><br>आर्थिक वर्ष २०७८।७९ को स्थानीय संचित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ। | |

| विवरण | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत / सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ४८३८१४००० | ५९४०१६३५४ | | ५९४०१६३५४ | ४९२९७८३३८ | | ४९२९७८३३८ |
| क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ४८३८१४००० | ५९१८६२९४९ | ० | ५९१८६२९४९ | ४८१८४१९०१ | ० | ४८१८४१९०१ |
| ११०००कर | ६७८२१००० | १२२४४५५१४ | ० | १२२४४५५१४ | ५६१७८९३९ | ० | ५६१७८९३९ |
| १३०००अनुदान | ४१५९९३००० | ४६८११३३०९ | ० | ४६८११३३०९ | ४०९३५१५७० | ० | ४०९३५१५७० |
| संघीयसरकार | ३८३४५३००० | ४४०५७३३०९ | ० | ४४०५७३३०९ | ३६८३०७८६० | ० | ३६८३०७८६० |
| प्रदेशसरकार | २४५४०००० | १९५४०००० | ० | १९५४०००० | ३३०६६००० | ० | ३३०६६००० |
| जनसहभागिता | ८०००००० | ८०००००० | ० | ८०००००० | ७९७७७१० | ० | ७९७७७१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४०००अन्य राजस्व | ० | १३०२९२६ | ० | १३०२९२६ | १६३११३९२ | ० | १६३११३९२ |
| ३३०००दायित्व | ० | १२०० | ० | १२०० | ० | ० | ० |
| ख.अन्य प्राप्ति | | २१५३४०५ | | २१५३४०५ | ११११३६४३७ | | ११११३६४३७ |
| कोषहरु | ० | ० | ० | ० | २८५४७६० | ० | २८५४७६० |
| धरौटी | ० | २१५३४०५ | ० | २१५३४०५ | ८२८१६७७ | ० | ८२८१६७७ |
| भुक्तानी (ग+घ) | ५५७९३६००० | ४७३६४३८९५ | | ४७३६४३८९५ | ४११०१८७२३.१९ | | ४११०१८७२३.१९ |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | ५५७९३६००० | ४६८०१४३७९ | | ४६८०१४३७९ | ४०८०१८८३५.१९ | | ४०८०१८८३५.१९ |
| २१००० पारिश्रमिक / सुविधा | १८७६९२००० | १६८२६२०९६ | ० | १६८२६२०९६ | १६६६७७०७४.१९ | ० | १६६६७७०७४.१९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १३६०९६००० | ११३१५११७५ | ० | ११३१५११७५ | ९६९७९४९० | ० | ९६९७९४९० |
| २७००० सामाजिक सुरक्षा | ३१६०००० | २६२९८२५ | ० | २६२९८२५ | २१६५०० | ० | २१६५०० |
| २८००० अन्य खर्च | १२००००० | १०९३००० | ० | १०९३००० | ३५४५०० | ० | ३५४५०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २२९७८८००० | १८२८७८२८३ | ० | १८२८७८२८३ | १४१०३३७७१ | ० | १४१०३३७७१ |
| घ.अन्य भूक्तानी | | ५६२९५१६ | | ५६२९५१६ | ४११०१८७२३.१९ | | ४११०१८७२३.१९ |
| कोषहरु | ० | ० | ० | ० | १९१४४०३ | ० | १९१४४०३ |
| धरौटी | ० | ५६२९५१६ | ० | ५६२९५१६ | १०८५४८५ | ० | १०८५४८५ |
| ङ.यो वर्षको बचत (न्युन) | (७४१२२०००) | १२०३७२४५९ | | १२०३७२४५९ | ८१९५९६१४.८१ | | ८१९५९६१४.८१ |
| च.गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ९७३४७४४ | | ९७३४७४४ | २८४२९४६१ | | २८४२९४६१ |
| वर्षान्तकोबाकी रकम (ङ + च) | (७४१२२०००) | १३०१०७२०३ | | १३०१०७२०३ | ११०३८९०७५.८१ | | ११०३८९०७५.८१ |
| बैंकतथा नगद बाकी | | ६४९८२२०३ | | ६४९८२२०३ | ६५२५१४११.८० | | ६५२५१४११.८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा तर्फको रु. १४,७९९।०० असूल भई दाखिला भएको छ । | |
| ५ | | | **वित्तीय विवरणः**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>• स्थानिय तहले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन। यस तहले प्रदेशलाई बाँडफाँड गर्नुपर्ने राजस्व बाँडफाँड नगरी मौज्दात राखेको वा खर्च गरेको पाईयो ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यस वाट प्राप्त वित्तिय प्रतिवेदनमा देहायको विवरण फरक परेकोले यसको वित्तीय प्रतिवेदनले आयव्ययको यथार्थता चित्रण गर्दैन। | |

| विवरण | स्रेस्ता अनुसार | मलेप फा.न २७२ अनुसार | फरक रकम |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारि | ७६२९७०४८.४५ | ९७३४७४४ | ६६५६२३०४.४५ |
| मौज्दात | ४६०९१८८२.५७ | ६४९८२२०३ | १८८९०३२०.४३ |
| धरौटी | ६२५८६३३ | ८५१२१५७ | २२५३५२४ |
| आन्तरिक आय | ८८८०६६० | ७३३४६१२० | ६४४६५४६० |

| | | | | |
|---|---|---|---|---|
| | | | त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ। | |
| ६ | | | **बैक हिसाब मिलान नगरेको:** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको देखिन्छ।<br><br>सि.नं. \| खाताको नाम \| श्रेस्ता अनुसार बाँकी \| बैंक स्टेटमेण्ट अनुसार बाँकी \| फरक<br>१ \| सन्चित कोष खाता \| ३७५७९७२५.५७ \| २९२२४.४३ \| ३७५५०५०१.१४ | |
| ७ | | | **खर्च बिश्लेषणः**<br><br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ८८,८०,६६०।०० समेत रु. ५,७९,८०,०५४।०० आम्दानी भएकोमा चालु तर्फ रु.२८,५१,३६,०९६।००, पूँजिगत तर्फ रु. १८,२८,७८,२८३।०० गरी जम्मा रु. ४६,८०,१४,३७९।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८९ प्रतिशत मात्र रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट २०.३३ प्रतिशत चालु र ७९.६६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गर्नुपर्दछ ।साथै आन्तरीक आयको स्रोतहरु पहिचान गरी आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेकोमा स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्रशासनिकतर्फ गाउँसभावाट ३२ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा २७ स्थायी ४ जना करार गरी कुल ३१ पदपुर्ती भई १ दरवन्दी रिक्त दरवन्दी रहेको देखिन्छ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंक बाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८(४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• पालीकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख गाउँपालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो। तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• अन्तिम लेखापरीक्षणबाट देखिएका वेरुजुको लगत राखी सम्परीक्षण सम्बन्धी कार्य नगरेको ।<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७५(१) बमोजिम पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गरी पेश्की लिनेदिने गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ बमोजिम वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **मौज्दात रकम फिर्ताः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अर्थ मन्त्रालयको अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनमा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। आर्थिक बर्ष २०७८।७९ मा खर्च नभई बाँकी रहेको शशर्त अनुदान रु. ४३,३८,६९१।०० पालिकाले फिर्ता गरेको छ । बाँकी शशर्त अनुदान रकम यकिन गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्दछ। | |
| १० | | | **अनुगमन तथा भ्रमण खर्चः**<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. २० लाख खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ। | |
| ११ | | | **सेवा प्रवाहः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा स्थानीय तह तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता तथा मृत्य दर्ता १००६, घरवाटो सिफारिस २८५ वटा, नाता प्रमाणित ४०० वटा, नागरीकता सिफारिश ६६० वटा, वसाईसराई १०६ वटा र अन्य ३७५ वटा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद सम्बन्धमा अभिलेख राखेको छैन । पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। | |
| १२ | | | **चौमासिक पूँजीगत खर्चः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुँजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको ७४.१७ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | असारको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| आँधीखोला गाउँपालिका | १८,२८,७८,२८३ | ० | ५,९१,०२,७६६ | १२,३७,७५,५१७ | ७,९९,१०,७५९ |
| संघीय सरकार विशेष अनुदान | ८०,८९,६४६ | ० | ० | ८०,८९,६४६ | |
| संघीय सरकार शसर्त अनुदान | ३,५४,५०,९०० | ० | ३५,१५,४४७ | ३,१९,३५,४५३ | |
| संघीय सरकार समपूरक अनुदान | ९७,३४,३९७ | ० | ० | ९७,३४,३९७ | |
| प्रदेश शसर्त अनुदान | ६३,००,६०३ | ० | ० | ६३,००,६०३ | |
| जम्मा खर्च | २४,२४,५३,८२९ | ० | ६,२६,१८,२१३ | १७,९८,३५,६१६ | ७,९९,१०,७५९ |
| खर्चको प्रतिशत | १०० | ० | २५.८२ | ७४.१७ | ३२.९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>आर्थिक विकास</td><td>४७१८३०००</td><td>३८०६४७८६</td><td>८०.६७</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२७४३११०००</td><td>२४५६९१६५९</td><td>८९.५७</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१६४२४००००</td><td>१२९२९९१३८</td><td>७८.७३</td></tr>
<tr><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>२००००००</td><td>१९८७७०५</td><td>९९.३९</td></tr>
<tr><td>संस्थागत विकास र सेवा प्रवाह</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>२९६७०००</td><td>१९५४४४९</td><td>६५.८७</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>६५१४२०००</td><td>५१०१६६४२</td><td>७८.३१</td></tr>
<tr><td>जम्मा</td><td>५५५८४३०००</td><td>४६८०१४०००</td><td>८४.१९</td></tr>
</table>
पालीकाले कुल बजेटको तुलनामा ८४.१९ प्रतिशत खर्च गरेको छ भने खर्चको सबैभन्दा बढी अंश अर्थात ९९.३९ प्रतिशत वातावरण तथा विपद् व्यवस्थापन र सबै भन्दा कम अंश अर्थात ६५.८७ प्रतिशत वित्तीय व्यवस्थापन र सुशासनमा खर्च गरेको छ। पालिकाको बस्तुस्थिति तथा आवश्यकता अनुसार बजेट विनियोजन तथा खर्च गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>खाना तथा विविधः<br><br>खर्च स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट २२ लाख २२ हजार खाना खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन। यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। कार्यालयका अनुसार विविध शिर्षकवाट अन्य कार्यक्रमहरु समेत सञ्चालन भएकोले ठुलो रकम विविध शिर्षकवाट खर्च भएको कार्यालयको भनाई रहेको छ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>आर्थिक सहायताः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु. ४ लाख ७० हजार आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ. व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्ः | |

| गो भौ न र मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | सहायता रकम |
|---|---|---|
| १३७।२०७८।१२।२ | अरविन थापा | ५८३१० |
| १३९।२०७८।१२।६ | अरविन थापा | ११५१५ |
| ११३।२०७८।१०।२७ | भेषराज साहित्य प्रतिष्ठान | २०००० |
| १३५।२०७८।१२।१ | सुर्यतारा क्लव | २५००० |
| १४२।२०७८।१२।८ | चलचित्र महासँघ | १५००० |
| १६१।२०७८।१२।२१ | राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान | ३०००० |
| १७१।२०७९।१।५ | राष्ट्रिय शिक्षक संगठन | २५००० |
| १८३।२०७९।१।१५ | प्रगतिशिल युवा क्लव | १००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २११।२०७९।२।१८ — एकता युवा क्लव — १०००००<br>२९८।२०७९।३।२१ — प्रेस चौतारी — २००००<br>३१८।२०७९।३।२४ — ढिकुरपोखरी समाज — ६५०००<br>जम्मा — ४६९८२५ | |
| १६ | | | **नक्सा पासः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकाले आ. व. २०७८।७९ मा ४ वटा नक्सापासको लागि निवेदन दिएकोमा ४ वटा नै अन्तिम चरणको नक्सापास सम्पन्न दिएको छ। पालिकाले आफ्नो क्षेत्रभित्रको घरहरुको अभिलेख नराखेको तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ। | |
| १७ | | | **सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा प्रयोगमा नआएकोः**<br><br>पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन । पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ। | |
| १८ | | | **न्यायीक समितिः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बर्ष थप भएको २ गरी कुल ४ विवाद दर्ता भएकोमा ३ वटा मात्र फछ्र्यौट भई १ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कम करकट्टी गरी भुक्तानीः<br><br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई/प्रमाण पेश भई/पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु.४७८०० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>मू.अ.कर कट्टी नभएकोः<br><br>मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ सस्थाले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपुर्ति वापतको रकम सम्वन्धित निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामवाट सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरी वाँकी रहने कर वापतको रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा पालिकाले देहाय वमोजिमका परामर्शदातावाट ३०% मू.अ.कर कट्टी नगरी भुक्तानी दिएकोले कर समायोजन प्रमाणपत्र पेश गर्नुपर्ने अन्यथा कर कट्टी नगरेको रकम सम्बन्धित परामर्शदातावाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.न.।मिति</th><th>परामर्शदाताको नाम</th><th>कुल रकम</th><th>मु.अ.कर रकम</th><th>३०% रकम</th></tr>
<tr><td>२९४।२०७९।३।२१</td><td>नेपाल ब्रोडकास्टिङ् च्यानल प्रा.ली.</td><td>४३८०५३</td><td>५६९४७</td><td>१७०८४</td></tr>
<tr><td>३०६।२०७९।३।२६</td><td>SOFTTECH Infosys p.ltd</td><td>१३००००</td><td>१६९००</td><td>५०७०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२२१५४</td></tr>
</table></td><td>२२,१५४</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>वढी भुक्तानीः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु.४१९४५।- सम्परीक्षण गरिएको।)</td><td>०</td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>पालिकाले देहाय वमोजिमका कृषि तर्फका अनुदानका कार्यक्रममा स्वीकृत जिल्ला दररेट भन्दा वढी दररेट राखि कृषकहरुले खरिद गरी पेश गरेको विलको आधारमा अनुदान दिई खर्च लेखेको पाईयो। उक्त वढी अनुदान दिएको रकम सम्बन्धित कृषक समुहवाट असुल गर्नुपर्ने रू.
<table>
<tr><th>गो.भौ.न.।मिती</th><th>कार्यक्रमको नाम</th><th>परिमाण</th><th>हुनुपर्ने दर</th><th>भएको दर</th><th>फरक रकम</th></tr>
<tr><td>३०४।२०७९।३।२२</td><td>५० % अनुदानमा उन्नत जातका विउविजन, फलफूल विरुवा, कृषि उपकरण</td><td>१६९८</td><td>८०</td><td>१००</td><td>१६९८०</td></tr>
<tr><td></td><td>५०% अनुदानमा कृषकहरुलाई धानको विउवितरण कार्यक्रम</td><td>१४३५</td><td>७०</td><td>८०*५२५= ४२०००<br>१७५*७०=१२२५०<br>३१५*९०=२८३५०<br>३२०*७२=२३०४०<br>१००*१००=१००००</td><td>७५९५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>२४५७५</td></tr>
</table></td><td>२४,५७५</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>पारिश्रमिक करः</td><td>०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ........... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.४४१३२ ।- सम्परीक्षण गरिएको ।)* | |
| २३ | | | **वांकी सामाजिक सुरक्षा भत्ता फिर्ता नभएकोः**<br><br>........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु.७१७५ ।- सम्परीक्षण गरिएको।)* | ० |
| २४ | | | **घटी परिमाण उत्खननः**<br><br>आर्थिक वर्ष ०७८।७९ को आधिँखोला गाउँपालिका भएर बग्ने आँधीखोला नदी क्षेत्रबाट ढुङ्गा गिट्टी र बालुवाको दिगो संकलन उत्खनन कार्यको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७८ मा प्रत्येक वर्ष उत्खनन गर्ने सकिने परिमाण निर्धारण गरिएको छ। जस अन्तर्गत विभिन्न ३ वगरघाटबाट बार्षिक १०५५३ घनमिटरको ५०% ले हुने ५२७६.६८ घनमिटर उत्खनन गर्न सकिनेमा पालिकाले यस आ. व. मा उक्त ३ घाटहरुलाई एकिकृत गरी ठेक्का लगाएकोमा जम्मा ८७०० घनमिटरको मूल्यांकन गरी सूचना प्रकाशन गरेको तथा सोही बमोजिम कर संकलन गरेको पाइयो। पालिकाले स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको वेवास्ता गरी उत्खनन गरेको देखिन्छ। यसरी तोकिएको भन्दा घटी परिमाणमा नदीजन्य पदार्थको उत्खननबाट पालिकाको आन्तरिक आय घटेको देखियो। प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसारको परिमाणमा नदीजन्य पदार्थको उत्खनन गर्ने गरी सुचना प्रकाशन, ठेक्का व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| २५ | | | **शिर्षक फरक पारी दाखिलाः**<br><br>मुल्य अभिवृद्धिकर ऐन, २०५२ तथा नियमावली २०५३ मा ढुङ्गा गिट्टी बालुवा आदिमा मुल्यअभिवृद्धि कर लाग्ने व्यवस्था अनुरुप कार्यालयले उक्त बस्तुको निकासिमा मुल्य अभिवृद्धि कर लगाई मु. अ.कर असुल गरेको देखिन्छ। एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या अनुसार स्थानीय तहले मु.अ.कर लाग्ने वस्तु वा सेवाको कारोवार गर्दा शिर्षक ३३३१७ मा मुल्य अभिवृद्धि कर दाखिला गर्नुपर्नेमा कार्यालयले शिर्षक नं ३३३१४ मा दाखिला गरेको छ। जसले गर्दा खरिद र विक्रि गर्दा | २,९२,९२९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बुझाउने राजस्व शिर्षक एउटै हुन गई विक्रेताले विक्रिमा तिर्नुपर्ने राजस्वसँग आन्तरिक राजस्व विभागको सफटवेयरमा स्वतः समावेश हुने र उक्त खरिदमा तिरेको राजस्व विक्रिमा तिर्नुपर्ने करमा स्वतः मिलान हुन्छ। यस सम्वन्धमा आन्तरिक राजस्व विभागले समेत मिति २०७३।८।२२ को पत्रवाट दोहोरो सुविधा लिनसक्ने भएकोले रकमको दुरुपयोग हुने हुदा अनिवार्य रुपमा सम्वन्धित शिर्षकमा नै वुझाउने गरी परिपत्र गरेको देखिन्छ । तर पालिकाले ३३३१४ बाट मु.अ. कर शिर्षक फरक पारी भुक्तानी गरेकोले राजस्व शिर्षक फरक परेकोले ३३३१७ मा रु. २,९२,९२९।०० को हिसाव मिलान गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.
<table>
<tr><th>घाट ठेक्का लिने फर्मको नाम</th><th>मु.अ.कर रकम</th></tr>
<tr><td>सुप्रिम कन्स्ट्रक्सन</td><td>११२३८५</td></tr>
<tr><td>विद्यामोहन ईन्जिनियरिङ्ग कम्पनी लि.</td><td>६७४३१</td></tr>
<tr><td>आरम्भ निर्माण सेवा</td><td>११३११३</td></tr>
<tr><td>जम्मा</td><td>२९२९२९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>राजश्व रकम समयमा दाखिला नभएकोः<br><br>गण्डकी प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ मा प्रचलित कानुन वमोजिम सरकारलाई प्राप्त हुने राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सरकारी कारोवार गर्ने बैंकमा सोही दिन वा काबु वाहिरको परिस्थिति परी सोही दिन दाखिला हुन नसकेमा सोको भोलिपल्ट संचितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ। नमुना छनौट गरी स्रेस्ता परीक्षण गर्दा देहाय वमोजिमका वडावाट मालपोत कर, भुमिकर जस्ता शिर्षकमा उठेको राजश्व समयमै दाखिला भएको पाईएन।संकलित रकम समयमै दाखिला नहुँदा राजश्वको दुरुपयोग हुन सक्ने भएको हुँदा पालिकाले समयमै राजश्व दाखिला गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।
<table>
<tr><th>वडा</th><th>राजश्व संकलन मिति</th><th>रकम</th><th>दाखिला मिति</th></tr>
<tr><td rowspan="2">१</td><td>२०७८।४।१०</td><td>५९१९</td><td>२०७८।५।३</td></tr>
<tr><td>२०७८।४।१२</td><td>३१२१</td><td>२०७८।५।३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="3"></td><td>२०७८।४।१४</td><td>३७४०</td><td>२०७८।५।३</td></tr>
<tr><td>२०७८।४।१५</td><td>५१३५</td><td>२०७८।५।३</td></tr>
<tr><td>२०७८।४।१८</td><td>१०७४९</td><td>२०७८।५।३</td></tr>
<tr><td rowspan="3">२</td><td>२०७८।४।१०</td><td>३४०७</td><td>२०७८।६।७</td></tr>
<tr><td>२०७८।४।११</td><td>२३००</td><td>२०७८।६।७</td></tr>
<tr><td>२०७८।४।१७</td><td>५७२५</td><td>२०७८।६।७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>आन्तरिक आयः<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने व्यवस्था छ। पालीकाले राजश्व संकलनको लागी सबै वडाहरुलाई समेटेर Online प्रणाली लागु गरेको छ। तर वडा कार्यालयहरुबाट करिब एक महिना सम्म ढिला गरी राजश्व दाखिला हुने गरेको छ। समयमै राजश्व दाखिला गर्ने गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>ठेक्का व्यबस्थापनः<br><br>सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । पालीकाले यो आ.ब.मा रु. १२ करोड ३८ लाख ३२ हजार को विभिन्न १४ ठेक्का व्यवस्थापन गरेकोमा सम्पुर्ण ठेक्का तेस्रो चौमासिकमा मात्र गरेको छ । यसरी आर्थिक बर्षको अन्त्यमा मात्र ठेक्का व्यवस्थापन गर्दा निर्माण कार्यको लागी कम समय हुने, अनुगमन तथा मुल्यांकन प्रभावकारी नहुने तथा कामको गुणस्तर कायम गर्ने कार्यमा समस्या हुने जस्ता समस्या हुन्छ । समयमा ठेक्का व्यवस्थापन गरी निर्माण कार्यको गुणस्तर कायम गर्ने तर्फ उचित ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **योजना र कार्यान्वयनः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन् । | |

| क्र सं | विवरण | योजना संख्या | रकम (रु हजारमा) |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | १४ | ६३८ |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १४९ | २६४५० |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | १९ | १०९०० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ८ | २०३०० |
| | जम्मा | | ५८२८८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **विल भरपाईः**<br><br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छ । | |
| ३०.१ | २५६ | २०७९-२-२५ | हिले पैहे राजास्वारा ढकालथोक डहरे ग्रामिण सडकको उपभोक्ता समिति सम्बन्धि बिलको भुक्तानी गर्दा मुल्य अभिबृद्धि कर लाग्ने सामान खरिदको लागी मुल्य अभिबृद्धि कर सहित रु. ८,४७,३२९।०० भुक्तानी भएकोमा रु. ७,३५,९५३।०० को | १४,४७९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मात्र भ्याट बिल पेश भएको छ। यसबाट भ्याट बिल पेश नभई भ्याट भुक्तानी भएको छ। भ्याट बिल पेश नभएको रकम रु. १,११,३७५।०० को भ्याट रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु. | |
| ३०.२ | | | ...........*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. ११,५०४।- सम्परीक्षण गरिएको ।)* | ० |
| ३०.३ | २१७ | २०७९-१-२३ | ...........*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. ४१,६०६।- सम्परीक्षण गरिएको ।)* | ० |
| ३१ | | | **कन्टिन्जेन्सी खर्चः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची—१ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । पालिकले यो बर्ष निर्माण कार्यको लागत अनुमानको ३ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी रु. २९ लाख ८८ हजार ४६३ खर्च गरेकोमा सोको बेग्लै अभिलेख नराखेको कारण कन्टिन्जेन्सीमा कति रकम प्राप्त भई कति खर्च भएको भन्ने सम्बन्धमा यकिन गर्न सकिएन। नियममा भएको व्यबस्था बमोजिम कन्टिन्जेन्सी खर्चको व्यबस्था गरी यस्तो खर्चलाई व्यबस्थित गर्न कन्टिन्जेन्सी खर्चको कार्यबिधि बनाउने, यसबाट हुने खर्चको बार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने एवं खर्चको बेग्लै स्रेस्ता राख्ने व्यबस्था मिलाउनु पर्दछ । | |
| ३२ | | | **बिमाः**<br><br>सार्वजनिक खरिद नियमाली, २०६४ को नियम ११२(१) मा रु दश लाख रुपैया भन्दा बढी मुल्यको निर्माण व्यवसायीले निर्माण सामाग्रि, प्रयोग गरिने मेशिन औजार वा प्लान्ट लगायतको निर्माण कार्यको त्रृटी सच्याउने अवधि सम्मको विमा गराउनु पर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएको ब्यहोरा निम्नानुसार छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>बिमा अबधिः पालिकाले व्यवस्थापन गरेको निम्नानुसार ठेक्काको बिमा अवधी त्रुटी सच्याउने अवधि सम्मको छैन् । यसबाट निर्माण भएको संरचनामा हुन सक्ने जोखिम बहन हुँदैन् । सम्बन्धित निर्माण कार्यको तोकिएको अवधि सम्मको विमा गर्नुपर्दछ ।
<table>
<tr><th>ठेक्का</th><th>ठेकेदार</th><th>त्रुटी सच्याउने अवधि</th><th>बिमा अवधि</th><th>विमा बापत भुक्तानी</th></tr>
<tr><td>त्रि सहिद नमुना मावीको छात्रावास</td><td>बिबेक एण्ड कुँवर विल्डर्स</td><td>२०८०।७।१३</td><td>२०७९।९।१७</td><td>५००००</td></tr>
<tr><td>२ नं वडा कार्यालय भवन निर्माण</td><td>विवेक एण्ड कुवेर।विद्यामोहन जेभी</td><td>२०८०।५।३</td><td>२०७९।५।२७</td><td>६७७८०</td></tr>
<tr><td>सेतीदोभान सिमखेत सडक स्तरोन्नती</td><td>बबुल।अफ्जाल जेभी</td><td>२०८०।१०।१४</td><td>२०७९।९।१५</td><td>५२९१४</td></tr>
<tr><td>फुलवारी माझकटेरा सडक</td><td>श्री विद्यामोहन इन्जिनियरिङ कम्पनी</td><td>२०८०।४।१६</td><td>२०७९।२।२६</td><td>२९१२८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१९९८२२</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>बिमा नगरेकोः रु. ६७ लाख १८ हजार लागत अनुमान भएको कालीखोला पुल देखी स्वास्थ्यचौकी सिहाले खोल्सी सडक स्तरोन्नतीको काम निर्माण व्यवसायी श्री राङखोला शिद्धबाबा निर्माण सेवासँग रु. ४९ लाख १८ हजार मा सम्झौता भई निर्माण कार्य भईरहेको छ। सम्झौताको बिओक्यूमा बिमा बापत रु ५००००।०० रकम राखेकोमा निर्माण व्यवसायीले बिमा गरेको छैन्। यसबाट निर्माण भएको संरचना, कामदार, मेशिनरीमा हुन सक्ने जोखिम बहन हुँदैन्। बिमा नगर्ने प्रवृतिलाई निरुत्साहित गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>दर फरक पारी बढी भुक्तानी :<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालीकाले निम्नानुसार कार्य उपभोक्ता समितिबाट गराई उपभोक्ता सम्बन्धि बिलको भुक्तानी गर्दा निम्नानुसार रकम बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं. र मिति</th><th>काम</th><th>बढी दर</th><th>परिमाण</th><th>बढी भुक्तानी</th></tr>
</table></td><td>१५,२८५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२६। २०७८।९।५</td><td>आईतेखोला पोखराचौर मोटरबाटो स्तरोन्नतीको नाला बनाउने</td><td>४०९।२१ प्रति घन मि</td><td>९.३३</td><td>३९१८।००</td><td></td></tr>
<tr><td>९२। २०७८।११।९</td><td>बाटाघर देखी घ्याडाघर सम्म मोटर बाटोको माटो खन्ने काम</td><td>१२.०८ प्रति घन मि</td><td>७४४.५०</td><td>८९९४।००</td><td></td></tr>
<tr><td>१७।०७८।८।६</td><td>कृषि लाकुरी ग्रामिण सडक स्तरोन्नतीको माटो पुर्ने काम</td><td>११.३० प्रति घन मि</td><td>२१०</td><td>२३७३।००</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१५२८५।००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td>५९</td><td>२०७९-३-२५</td><td>अग्रिम कर:<br><br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा तोकीए बमोजिम अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। झोलुंगे पुलको सामान खरिदबापत आपूर्तीकर्ता श्री एग्रो इन्जिनियरीङ वर्क प्रा.ली.लाई रु. १६,४४,६९८।०० भुक्तानी गर्दा लाग्ने अग्रिम आयकर रु. २४,६७१।०० कट्टा गरेको छैन्। बाँकी रकम भुक्तानी गर्दा कट्टा गरिने कार्यालयको भनाई रहेको छ। सम्बन्धित आपूर्तीकर्ताबाट कर रकम असूल गरी दाखिला गर्नुपर्ने रु.</td><td>२४,६७१</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>पेश्की जमानत:<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु.६५,००,०००।- सम्परीक्षण गरिएको।)</td><td>०</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>परिमाण फरक पारी बढी भुक्तानी:<br><br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राखु पर्ने व्यवस्था छ । सेपत भर्स्याङ देउराली पंचासे सडकको बिल भुक्तानी गर्दा आईटम नं. सि. २ को कामको परिमाण ८५१.५० घ.मि. सार्नुपर्नेमा रु. ५५४.६५ घ.मि. मात्र सारेकोले २९६.८ घ.मि.को बढी भुक्तानी भएको छ । बि.ओ.क्यू. को दर रु. १७०० को दरले असूल गर्नुपर्ने रु.</td><td>५०४,६४५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **अनुपातिक कट्टिः**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ। सहेली टोलमा सामुदायिक भवन निर्माणको काम सम्झौता भन्दा कम परिमाणमा काम भए पछि जनसहभागिता सहित रु. १४८,३७०।०० मात्र भुक्तानी हुनुपर्नेमा रु. १७०,४८३।०० भुक्तानी भएकोले रु. २०६१४।०० बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु. | २०,६१४ |
| ३८ | | | **झोलुंगे पुल तर्फः**<br><br>पालिकाले ओडारे दोभान, पतिखोला तल्लो सिमखेत, सेउभाटा झोलुंगे पुलको लागी लठ्ठा बाहेक रु. ४२ लाख १ हजारको सामान खरिद गरी उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरेको छ । उपभोक्ता समितिहरु सँग २०७८।१२।२ मा सम्झौता गरी क्रमश रु. ७,००,०००।, रु. ५,०३,५६३। र रु. ४,४५,०००।०० पेश्की रकम समेत उपलब्ध गराई सकेको छ । तर झोलुंगे पुल निर्माणको काम हाल सम्म सुरु भएको छैन् । निर्माण कार्य लाई सुचारु गरी समयमा सम्पन्न गर्नुपर्दछ । | |
| ३९ | | | **मुल्य समायोजनः**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ अनुसार खरिद संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिना भन्दा बढि अवधिको खरिद संझौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। यस सम्बन्धमा देखिएको ब्यहोरा निम्नानुसार छ। | |
| ३९.१ | | | पालिकाको प्रशासनिक भवन निर्माणको ठेक्का सम्झौतामा मुल्य समायोजन दिंदा बिल रकममा पेश्की कट्टा गरी खुद समायोजन योग्य रकम कायम हुने उल्लेख छ। पालिकाले निम्नानुसार बिलबाट निम्नानुसार पेश्की कट्टा गरेकोमा समायोजनयोग्य रकम गणना गर्दा पेश्की कट्टा गरेको छैन्। यसरी पेश्की कट्टा नगर्दा निम्नानुसार बढी रकम मुल्य समायोजनको रुमपा भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम सम्बन्धीत निर्माण व्यवसायीबाट असूल गर्नुपर्ने रु. | ३५५,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>बिल</th><th>कट्टा गरेको पेश्की</th><th>मुल्य समायोजन फ्याक्टर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>दोस्रो</td><td>४०००००।००</td><td>०.९८८</td><td>-८००००</td></tr>
<tr><td>चौथो</td><td>१५००००।००</td><td>१.०३५</td><td>३८२५००</td></tr>
<tr><td>पाँचौ</td><td>४५०००००।००</td><td>१.०८५</td><td>५२५००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३५५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९.२</td><td></td><td></td><td>गाउँपालीकाको प्रशासनिक भवन निर्माणको सम्झौता अनुसार कार्यसम्पन्न गर्नुपर्ने मिति २०७८ जेष्ठ १० गते रहेको छ । मुल्य समायोजन दिँदा सुरु सम्झौता अनुसारको कार्यसम्पन्न गर्नुपर्ने मिति भन्दा एक महिना अघिको ईन्डेक्सको आधारमा समायोजन फ्याक्टर गणना गरीने र सो फ्याक्टर त्यस पश्चात स्थिर राखी मुल्य समायोजन गणना गर्नुपर्नेमा म्याद थप पश्चात पनि पुन समायोजन फ्यक्टर गणना गरी निम्नानुसार रकम बढी भुक्तानी भएको छ। यसबाट सरकारलाई बढी ब्ययभार परेको छ । बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायी बाट असूल गरी सम्बन्धित संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>बिल</th><th>बिल मिति</th><th>बिल रकम</th><th>हुनुपर्ने फ्याक्टर</th><th>भएको फ्यक्टर</th><th>फरक</th><th>बढी रकम</th></tr>
<tr><td>पाँचौ बिल</td><td>२०७८।५।२३</td><td>११५२६७७३</td><td>१.०४</td><td>१.०८५</td><td>०.०४५</td><td>५१८७०५</td></tr>
<tr><td>छैटौं बिल</td><td>२०७९।२।१८</td><td>३४४१७८१</td><td>१.०४</td><td>१.१३८</td><td>०.०९८</td><td>३३७२९५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>८५६०००</td></tr>
</table>
</td><td>८५६,०००</td></tr>
<tr><td>३९.३</td><td></td><td></td><td>सेपत भर्सेङ देउराली पन्चसे सडक निर्माणको ठेक्का सम्झौतामा मुल्य समायोजन दिँदा बिल रकममा पेश्की कट्टा गरी खुद समायोजन योग्य रकम कायम हुने उल्लेख छ। पालिकाले निर्माण व्यवासयीको पाँचौ बिलबाट रु. ५,००,०००।०० पेश्की कट्टा गरेकोमा समायोजनयोग्य रकम गणना गर्दा पेश्की कट्टा गरेको छैन्। यसरी पेश्की कट्टा नगर्दा मुल्य समायोजन फ्याक्टर १.१८४ को हिसाबले रु. ९२,०००।०० मुल्य समायोजनको रुमपा भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम सम्बन्धीत निर्माण व्यवसायी श्री सिंह एण्ड ब्रोदर्स।संस्कृति।श्री पन्चेश्वर जेभीबाट असूल गर्नुपर्ने रु.</td><td>९२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>सोझै खरिदः<br><br>........... (प्रारम्भिक प्रतिवेदन प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. २७,७४,८७९।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>एज विल्ड ड्र्ईङ पेश नगरेकोः<br><br>निर्माण कार्य सँग सम्बन्धित सम्झौतामा निर्माण कार्य सम्पन्न भएको १५ दिन भित्र निर्माण भएको संरचनाको एज विल्ड ड्र्ईङ पेश गर्नुपर्ने र उक्त प्रयोजनको लागी निम्नानुसार रकम कट्टा गर्ने ब्यवस्था छ। निम्नानुसार निर्माण कार्यको निर्माण व्यवसायीले एज विल्ड ड्र्ईङ पेश गरेको छैन्। यसबाट निर्माण भएको संरचनाको मर्मत संभार गर्ने कार्यमा असर पर्दछ। निर्माण सम्पन्न भएको लामो समय वितिसक्दा समेत एज विल्ड ड्र्ईङ पेश नगरेको र रोक्का गर्नुपर्ने रकम समेत नराखेकोले सम्बन्धित निर्माण व्यवसायीबाट असूल गर्नुपर्ने रु.
<table>
<tr><th>ठेक्का</th><th>ठेकेदार</th><th>निर्माण सम्पन्न मिति</th><th>रोक्का गर्नुपर्ने रकम</th></tr>
<tr><td>त्रि सहिद मावि छात्रावास निर्माण</td><td>विवेक एण्ड कुवेर।विद्यामोहन जेभी</td><td>२०७८।१०।११</td><td>५००००</td></tr>
<tr><td>प्रशासनिक भवन निर्माण</td><td>श्री देव एण्ड सयर।क्याराभान जेभी</td><td>२०७९।२।२५</td><td>१०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१५००००</td></tr>
</table></td><td>१५०,०००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>नन्फाइलरः<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. २,९७,८३५.०० समेत रु. २२,९१,०३८.४६ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१,०४८,९३२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम (७०%)</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>५।०७८।५।२३</td><td>श्री देव एण्ड सयर।क्याराभान जेभी</td><td>६१०६९५४०३</td><td>१३०२५१९६।७६</td><td>१०४८९३२</td><td>२०७९।५।२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td>२७५</td><td>२०७९-३-१९</td><td>वढी भुक्तानीः<br><br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई/प्रमाण पेश भई/पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।१२।१७को निर्णयबाट रु.२६,५००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एव सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा नगर सरसफाई,नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण लगायतका २२ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष ९९ जनालाई रोजगारी उपलव्ध गराई रु.५३ लाख ४ हजार खर्च गरेको छ। लक्षित वर्गलाई ८६ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणः<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यो बर्षा पालीकाको आन्तरिक लेखापरीक्षण भएको छैन् । यसरी आन्तरिक लेखापरीक्षण नहुँदा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुन्छ । आन्तरिक लेखापरीक्षकको व्यवस्था गरी तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ को नियम ४७ बमोजिम पेश्की फछ्र्यौट हुनुपर्दछ। यस वर्ष देहाय अनुसारको म्याद नाघेको पेश्की रु. ९,७५,०००।०० रहेको छ। नियमावली वमोजिम पेश्की फछ्र्यौट हुनु पर्ने रु.

<table>
<tr><th>क्र.स.</th><th>भौ.नं.</th><th>पेस्कीलिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>म्याद ननाघेको पेश्की</th><th>म्याद नाघेको पेश्की</th></tr>
<tr><td colspan="6">कर्मचारी तथा संस्थागत</td></tr>
<tr><td>१</td><td>१५८</td><td>२०७९।३।२४</td><td>विवेक आचार्य</td><td>०</td><td>८,२५,०००</td></tr>
<tr><td>२</td><td>३२१</td><td>२०७९।३।२४</td><td>रोशन लामिछाने</td><td>०</td><td>१,५०,०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>०।००</td><td>९७५०००</td></tr>
<tr><td colspan="6">निर्माण व्यवसायी</td></tr>
<tr><td>१</td><td>३२</td><td>२०७९।३।१३</td><td>राङ्खोला सिद्धवावा निर्माण सेवा</td><td>१५,००,०००</td><td>०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>१५,००,०००</td><td>९७५०००</td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा</td><td></td><td colspan="2">२४७५०००</td></tr>
</table>

*(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. १५९१२१६।- सम्परीक्षण गरिएको ।)*

</td><td>९,७५,०००</td></tr>
<tr><td>४७</td><td>१२८</td><td>२०७९-३-२२</td><td>

**शिक्षण सहयोग अनुदानः**




***.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२ ।१६ को निर्णयबाट रु. ११२८००।- सम्परीक्षण गरिएको ।)***

</td><td>०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | १२५ | २०७९-३-२२ | **शैक्षिक गुणस्तर प्रोत्साहन अनुदानः**<br><br>कार्यक्रम कार्यन्वयन पुस्तीका २०७८।०७९ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिका भित्रका विद्यालयबाट छनोट गरी माध्यामिक विद्यालयमा पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला वापत रु. ६ लाख ५० हजार अनुदान दिने व्यवस्था छ। त्यस अनुदान रकमबाट कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन लगाएत कर दाखिला भौचर सम्बन्धित स्थानिय तहलाई बुझाउनु पर्दछ। पालिका अन्तर्गतका विभिन्न ७ विद्यालयहरुलाई उक्त अनुदान दिएको मध्ये ६ वटा विद्यालयले आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम अग्रिम कर कट्टा नगरी खर्च गरेकोले सम्वन्धित विद्यालयवाट १.५ प्रतिशतले हुन आउने अग्रिम कर असुल गरि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ४८,७५० |

| विद्यालयको नाम | अनुदान रकम | अग्रीम कर (१.५) |
|---|---|---|
| सेपत सिरानचौर मा. वि. | ६,५०,००० | ९,७५० |
| गुरुकुल वेद विद्याश्रम मा. वि | ६,५०,००० | ९,७५० |
| श्रवण मा. वि. | ६,५०,००० | ९,७५० |
| अन्धाअन्धी प्रकास मा. वि. | ६,५०,००० | ९,७५० |
| जनहित मा. वि. | ६,५०,००० | ९,७५० |
| जम्मा | | ४८७५० |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु.९७५०।- सम्परीक्षण गरिएको ।)***

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **विद्यालयहरुको कार्यसम्पन्न पेश नभएकोः**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.४४५ मा केन्द्रवाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएका प्राविधिक धारका विद्यालयको ल्याव व्यवस्थापनका लागी अनुदान दिने र विद्यालयले भवन निर्माण भएपछि आषाढ १५ सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार र प्रमाणीत गरी स्थानीय | १६,६८१,०४० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तहमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले नमुना विद्यालयको छात्रावास भवन निर्माणका लागी श्री शहिद मा. वि. आँधिखोला १ लाई रु. २२,८१,०४०।०० र राष्ट्रपति शैक्षिक सुधार अन्तर्गत ४ कोठे भवन निर्माणका लागी विभिन्न ४ विद्यालयलाई रु. ३६,००,०००।०० का दरले कुल रु. १,४४,००,०००।०० अनुदान निकासा दिएकोमा लेखापरिक्षणको अवधि सम्म निर्माण पुरा गरि कार्यसम्पन्न प्रतिवेदन लगायत खर्चको विल भरपाईहरु पेश भएको छैन। कार्यसम्पन्न पेश गर्नुपर्ने रु.
<table>
<tr><th>बिद्यालयको नाम</th><th>निकासा रकम</th></tr>
<tr><td>भगवती माद्यामिक विद्यालय आँधिखोला, ६</td><td>३६,००,०००</td></tr>
<tr><td>जनप्रदिप मा. वि.आँधिखोला, २</td><td>३६,००,०००</td></tr>
<tr><td>जनप्रिय मा. वि. आँधिखोला, ४</td><td>३६,००,०००</td></tr>
<tr><td>गुरुकुल वेद विद्याश्रम आँधिखोला, २</td><td>३६,००,०००</td></tr>
<tr><td>शहिद मा. वि. आँधिखोला, १</td><td>२२८१,०४०</td></tr>
<tr><td>जम्मा</td><td>१,६६,८१,०४०।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>पारिश्रमिक कर छुटः<br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई/प्रमाण पेश भई/पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. ५४,६७१।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>पाठ्य पुस्तक वितरणः<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागी निशुल्क पाठ्य पुस्तक अनुदान उपलव्ध गराउने व्यवस्था अनुसार निकासा दिंदा पाठ्यक्रम विकास केन्द्रवाट स्वीकृत दररेट वमोजिम पाठ्य पुष्तकको अनुदान निकासा दिनुपर्नेमा पालिकाले ८ कक्षाका विद्यार्थिहरुको लागी स्वीकृत दररेट भन्दा वढी दररेट</td><td>४,२३१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>राखी अनुदान निकासा दिएको पाईयो । उक्त स्वीकृत दररेट भन्दा वढी अनुदान निकासा दिएको रकम सम्वन्धीत विद्यालयहरुवाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>कक्षा</th><th>विद्यार्थि संख्या</th><th>निकासा दररेट</th><th>स्वीकृत दररेट</th><th>फरक दररेट</th><th>वढी निकासा</th></tr>
<tr><td>८</td><td>२१७</td><td>८८२</td><td>८६२.५</td><td>१९.५</td><td>४२३१.५</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२</td><td>९८</td><td>२०७९-२-२९</td><td>विद्यालयले विद्यालय सुधार योजना निर्माणः<br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२। १६ को निर्णयबाट रु. २००००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>सिमित प्रतिस्प्रर्धाः<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य सुचना साथै आई एम यु सुदृढीकरण कार्यक्रम अन्तर्गत स्कील नेट प्रा. ली. वाट २०७९।२।१६ मा भ्याट सहित रु. २,००,०००।०० मा Dell care १७ ल्यापटप सहित अन्य कम्प्युटर सामाग्री कोटेशन द्धारा खरिद गर्दा २ वटा फर्मलाई मात्र कोटेशन प्रक्रियामा सहभागी गराई प्रतिस्प्रर्धा सिमित गरेकोले अनियमित देखिएको रु.</td><td>२००,०००</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>सुरक्षित नागरिक आवासः<br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु.६००००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>कृषिमा अनुदानः<br>पालिकाले चालु तथा संघीय सरकारवाट हस्तान्तरित चालु कार्यक्रमवाट देहायवमोजिम कृषि तथा पशु अनुदान उपलव्ध गराएको छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| १३६।२०७९।३।२२ | डहरे देउराली आलुपकेट कार्यक्रम | ८००००० |
| | काफलटारी तरकारी पकेट संचालक समन्वय समिति | २९९७८० |
| | श्रवण कुमार आलु पकेट संचालक समन्वय समिती | ३५८००० |
| | सहकार्य मसला वाली उत्पादन संचालक समिती | ३००००० |
| | पोखराचौर मसला वालि पकेट संचालक समिति | ३००००० |

- अनुदान दिएका कृषकको अनुमान गरी उत्पादन र उत्पादकत्व सम्बन्धमा लिखित प्रतिवेदन तयार गरेको छैन।
- विभिन्न कार्यविधिहरुमा एक पटक कुनै तहवाट अनुदान लिएकाको हकमा २।३ वर्षसम्म कुनै पनि तहका सरकारले अनुदान नदिने उल्लेख भएकोमा सो को विवरण देखिने गरी कागजात रहेको देखिदैन।
- केहि मापदण्ड तथा पुराना कार्यविधिमा अनुदान ग्राहिले कम्तिमा १० वर्षसम्म अविच्छिन्न रुपमा प्रस्ताव वमोजिमको कार्य गर्नुपर्ने उल्लेख भएकोमा सो को परिपालनाको लागि संयन्त्र विकास गरेको छैन। जसले गर्दा अनुदान लिने र अवधि सकिएपछि काम छाड्ने प्रवृति देखिएकोले यसमा नियन्त्रण गर्ने गरी क्रियाकलाप संचालन गर्नुपर्ने देखिन्छ।
- अनुदानग्राहीले ३ वटै सरकारवाट अनुदान लिए नलिएको सुनिश्चित गरेको छैन।
- कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि विमा तथा पशु विमामा अनुदानका कार्यक्रम संचालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने निति तय गर्नुपर्नेमा विमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र संचालन गरेको देखिन्छ। एक सरकारले ल्याएको नितीलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।